श्रीमान् अध्यक्षज्यू

नेपाल धितोपत्र बोर्ड

खुमलटार, ललितपुर

विषय: पूँजी बजार सुधार र बिस्तारका लागि तत्काल गर्नुपर्ने अति जरुरी कामहरु सम्बन्धी माग पत्र

हामी सर्वसाधारण सेयर लगानीकर्ताहरुले पूँजी बजार सुधार र बिकासका लागि लामो समयदेखि पहल गर्दै आएको कुरा विदितै छ । नेपाल धितोपत्र बोर्ड र सरकार आफैले गर्छु भनेका कामहरु तत् समयमा नहुँदा पूँजी बजारको सुधार र बिकास प्रक्रिया अबरुद्ध हुनुका साथै हामी सेयर लगानीकर्ताहरुले समेत गंभीर खालको क्षति र चरम नैराश्यताको अवस्था भोग्नु परेको छ र यसले पूँजी बजारको अवस्थालाई वर्षौं पछाडि धकेलेको छ ।

पूँजी बजारलाई आवश्यक नीति निमयको बन्दोबस्ती, अत्याधुनिक पुर्वाधार र प्रविधि नहुँदा लाखौं लगानीकर्ता प्रत्यक्ष मारमा परेका छौं । पटक- पटकको हाम्रो अनुनय विनयलाई कमजोरी ठानी सरकारले पूँजी बजारको संवेदनशिलता र ५२ लाख भन्दा बढी लगानीकर्ताहरुको लगानीलाई वेवास्ता गरेकाले फेरि एकपटक कडा रुपमा उत्रिनु परेको छ । पुरा हुनैपर्ने निम्न मागहरु राखेर हामी लगानीकर्ताका तर्फबाट लगानीकर्ता तिलक कोइराला यही असार १ गतेदेखि तेस्रो चरणको आमरण अनशनमा बस्ने तयारी भएको छ ।

सरकार तथा नियमनकारी निकायहरु आफैले गर्छु भनेका कामहरु नगर्दा हामी लगानीकर्ताहरु आमरण अनशन जस्तो अन्तिम विकल्प प्रयोग गरी पूँजी बजार सुधार र बिकासको अलाप गर्नु परेको छ र यस्तो घटना अरु कुनै पनि देशमा नभएकोले विश्व सामू लाजमर्दो समेत छ ।

नेपाल धितोपत्र बोर्ड हामी सबै लगानीकर्ता र पूँजी बजार सम्वद्ध निकायहरुको सर्वोच्च नियमनकारी र अभिभावक भएकाले हामीलाई आमरण अनशनमा राखेर मार्ने कुरामा बिस्वास गर्दैनौ ।

धितोपत्र बोर्डका नवनियुक्त अध्यक्षज्यू पूँजी बजारमा राम्रो सुधार र बिस्तार गरेर देखाउँछु भन्ने दह्रो आत्मविस्वास र ईच्छा शक्ति लिएर आउनु भएको र अर्न्तराष्ट्रिय क्षेत्रमा ख्याती र अनुभव समेत हासिल गर्नु भएको व्यक्तित्व हुनु भएकाले हाम्रा मागहरुबारे भित्रैदेखि गंभीर भएर तत्काल कदम चाल्नुहुने अपेक्षा गरेका छौं । धितोपत्र बोर्डले चाह्यो भने पुरा हुन नसक्ने हाम्रा कुनै माग छैनन् र कुनै पनि माग पूँजी बजार भन्दा वाहिरका विषयसँग सम्वन्धित पनि छैनन् ।

अहिले सेयरको मूल्य धेरै घट्यो भन्ने क्षणिक चिन्ता बोकेर बढाई दिने फिराद गर्न हामी यहाँ आएका हैनौं । सेयर बजारमा सेयरको मूल्य घट्यो कि बढ्यो, नेप्से सूचक कहाँ पुग्यो, कुन कम्पनीको सेयरको मूल्य कति हुनुपर्ने हो, कुन कम्पनी खराब र राम्रो, कसले कमायो, कसले गुमायो भन्ने कुरा सरकार र नियमनकारी निकायहरुको चासोको विषय बन्नैहुन्न र बजारका यी कुराहरुलाई प्रूभाव पार्ने र अस्थिर बनाउने गरी कुनै पनि कदम चालिनुहुन्न । बजारका लागि सही नीति नियम, पुर्वाधार र प्रविधिको बन्दोबस्ती र कडा नियमन गरी उल्लेखित कुराहरु बजारलाई नै छाडिदिनुपर्छ, बजारले आफै निधारर्ण गर्छ भन्ने कुराको समेत ध्यानाकर्षण गराउँछौ ।

हामीले अगाडि सारेका १९ वटा मागहरु मध्ये १३ वटा मागहरु धितोपत्र बोर्डबाट एकै दिनमा निर्णय गरी कार्यान्वयनमा अगडि बढाउँन सकिने खालका छन् भने अरु मागहरु अर्थ मन्त्रालय र नेपाल राष्ट्र बैंकसँग समन्वय गरी निर्णय गराउनुपर्ने खालका छन् । मन्त्रालय र राष्ट्र बैंकले पनि ती मागहरुबारे एकै दिनमा निर्णय गर्न सक्छन् ।

यहाँ समाबेश भएका मागहरु पूँजी बजारको बिकासका लागि तत्काल हुनुपर्ने न्युनतम मागहरु हुन र पूँजी बजारलाई विकशित र विस्तारित गरी विश्वका अरु देशको स्तरमा उठाउँन अरु धेरै कामहरु गर्नुपर्ने हुन्छ ।

१०. दीर्घकालीन लगानीकर्ताका लागि ३ प्रतिशत मात्र पूँजीगत लाभकर लाग्ने गरी घटाउनुपर्ने ।

११. बैंक खाता, हितग्राही खाता र कारोबार खाता पूर्ण रुपमा अन्तर आबद्ध गरी लगानीकर्ता स्वयंले पासवर्ड र युजरआईडी प्रयोग गरी बिक्री गरेको सेयरको स्वतः इडिआईएस हुनुपर्ने व्यवस्था गर्नुपर्ने । सेयर खरिद गर्दा बैंक खाता र ब्रोकर मार्जिनको विकल्प खडा गरी बैंकको विकल्प प्रयोग गरी खरिद गरेको अवस्थामा स्वतः रकम रोक्का भई राफसाफको बेलामा स्वचालित रुपमा ब्रोकरको खातामा रकम तानिने हुनुपर्ने ।

१२. सीडीएससीमार्फत सेयर खरिद बिक्रीको राफसाफ भएकै दिन लगानीकर्ताको खातामा पैसा र सेयर जानुपर्ने र करकट्टीको हिसाब पनि प्यान नम्बर लिएका लगानीकर्ताकै नामबाट कर कार्यालयको खातामा सिधै जम्मा हुनुपर्ने ।

१३. सेयर बजारमा डेरिभेटिभ्स, फ्युचर, अप्सन, इन्ट्रा डे जस्ता अत्याधुनिक उपकरणहरु प्रयोगमा ल्याउनुपर्ने ।

१४. बीमा कम्पनी, निफ्रा, बिकास बैंक र फाईनान्स, कर्मचारी संचय कोष, सामाजिक सुरक्षा कोष लगायतलाई आफ्नो ७० प्रतिशत लगानीमा सहायक कम्पनीमार्फत म्युचुअल फण्ड संचालन गर्न बाध्यात्मक व्यवस्था गर्नुपर्ने र गैरआवासीय नेपालीहरुले पहिलो वर्ष म्युचुअल फण्डमा मात्र लगानी गर्न पाउने व्यवस्था गर्ने ।

१५. राष्ट्र बैंकले तत्काल १० अर्बको कोष खडा गरी ब्रोकरहरुमार्फत मार्जिन ट्रेडिङ व्यवस्था प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउनुपर्ने ।

१६. नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त बिज्ञले मात्र सेयर बजारको अवस्था, कम्पनीको अवस्था, सेयर मूल्य र नेप्से सूचक जस्ता संबेदनशील बिषयमा बिश्लेषणहरु सार्वजनिक गर्न पाउने व्यवस्था कडाईका साथ लागु गर्ने ।

१७. मर्जरमा जाने कम्पनीहरुको मर्जर सम्झौता हुँदा नै स्वाप रेसियो तय गरी बढीमा एक सातामा समायोजनसहित सेयर कारोबार खोल्नुपर्ने ।

१८. नेपाल राष्ट्र बैंकले सेयर धितो कर्जाको ४।१२ को नीतिलाई परिमार्जन गर्नुपर्ने

१९. पूँजी बजार र सेयरको मूल्यलाई प्रभाव पार्ने सम्बन्धी नीति नियम लागु गर्दा लगानीकर्ताले पूर्व तयारी गर्न सक्ने गरी कम्तिमा ६ महिनाको अवधि दिने गरी मात्र ल्याउनुपर्ने ।

पूँजी बजार विस्तार र सुधारका लागि गठित संघर्ष समिति

मितिः २०७९ जेठ २३

१. तिलक कोइराला - संयोजक
२. बिनोद खत्री
३. भेषराज भण्डारी
४. शुकदेव भण्डारी
५) डिल्लिश्वरे कार्की (Rohan) (अध्यक्ष, स्व.पु.ब.संघ)
६) पुरुषोत्तम कडेल
७) डम्बर श्रेष्ठ (Bikash)
८) बानि बाबु खरेल (नानी बाबु खरेल)
९ लक्ष्मण बजाज
१०) कमल पठथी
११) सुन्दर श्रेष्ठ
१२) इन्द्रराज जोशी
१३) पिताम्बर फुल्लेल
१४) रोशन कुमार उप्रेती
१५ Kasib Baraiya